नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
**मालपोत कार्यालय**
बेलौरी, कञ्चनपुर

पत्र संख्या: २०७७/०७८
चलानी नम्बर:

मिति: २०७७/११/१०

# भू-सेवा केन्द्र सञ्चालन सम्बन्धी सूचना।

भूमि व्यवस्थापन तथा अभिलेख विभाग, बबरमहल, काठमाण्डौबाट मिति २०७७ माघ १४ गते कान्तिपुर दैनिकमा प्रकाशित सूचना अनुसार यस कार्यालयमा भू-सेवा केन्द्र सञ्चालन निर्देशिका, २०७६ लागु गर्ने निर्णय भएको व्यहोरा जानकारी हुन आएकोले भू-सेवा केन्द्र स्थापना तथा सञ्चालन गर्नको लागि मालपोत नियमावली, २०३६ नियम २३क र २३ख बमोजिम योग्यता पुगेका तथ भू-सेवा केन्द्र सञ्चालन निर्देशिका, २०७६ दफा ७ मा तोकिए बमोजिम पूर्वाधार पुरा भएका इच्छुक व्यक्ति, संस्था तथा स्थानीय सरकारले अनुमति लिनको लागि मिति २०७७/११/१० देखि २०७७/१२/१० सम्म https://public.dolma.gov.np मार्फत अनलाईन निवेदन पेश गरी सोसंग सम्बन्धित सक्कल कागजात यस कार्यालयको प्रशासन शाखामा पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

भू-सेवा केन्द्रको अनुमति किसिम र योग्यता तपसिल अनुसार हुनेछ।

| व्यक्तिको हकमा | रजिष्टर्ड संस्थाको हकमा | स्थानीय तहको हकमा | कानुन व्यवसायी वा लेखापढी व्यवसाय गर्न प्रमाणपत्र प्राप्त व्यक्तिको हकमा | साधारण प्रयोगकर्ताको हकमा |
|---|---|---|---|---|
| क. नेपाली नागरिक<br>ख. १८ वर्ष उमेर पुरा भएको<br>ग. कम्प्युटर विषय लिई कम्तिमा प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको वा अन्य विषयमा सो सरहको योग्यता भई कम्प्यूटर सम्बन्धी कम्तिमा ६ महिनाको तालिम प्राप्त गरेको,<br>घ. प्रचलित कानुन बमोजिम स्थायी लेखा नम्बर लिएको,<br>ङ. सेवा केन्द्र सञ्चालनको लागि दफा ७ बमोजिम भौतिक पूर्वाधार भएको,<br>च. नैतिक पतन देखिने फौजदारी कसुर वा लिखत सम्बन्धी कुनै कसुरमा अदालतबाट दोषी प्रमाणित नभएको। | क. प्रचलित कानुन बमोजिम सेवा प्रदायक संस्थाको रुपमा दर्ता भएको,<br>ख. संस्थामा काम गर्ने जनशक्ति नेपाली नागरिक नै १८ वर्ष उमेर पुरा भएको,<br>ग. संस्थामा काम गर्ने जनशक्तिको योग्यता कम्प्यूटर विषय लिई कम्तीमा प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको वा अन्य विषयमा सो सरहको योग्यता भई कम्प्यूटर सम्बन्धी कम्तीमा ६ महिनाको तालिम प्राप्त गरेको,<br>घ. प्रचलित कानुन बमोजिम संस्थाको नाममा स्थायी लेखा नम्बर लिएको,<br>ङ. करचुक्ताको प्रमाणपत्र र<br>च. भू-सेवा केन्द्र सञ्चालनको लागि दफा ७ बमोजिमको भौतिक पूर्वाधार भएको। | सेवा केन्द्र सञ्चालन गर्ने जनशक्ति र पूर्वाधार भएको। | क. कानुन व्यवसायी वा लेखापढी व्यवसायीको प्रमाण पत्र भएको,<br>ख. नेपाली नागरिक,<br>ग. प्रचलित कानुन बमोजिम स्थायी लेखा नम्बर लिएको,<br>घ. करचुक्ताको प्रमाणपत्र भएको र<br>ङ. भू-सेवा केन्द्र सञ्चालनको लागि दफा ७ बमोजिमको भौतिक पूर्वाधार भएको। | क. प्रयोगकर्ताको नाममा जग्गाधनी दर्ता प्रमाण पूर्जा भएको,<br>ख. आफ्नो नाममा भएका जग्गाका कित्ता-विवरण भू-सूचना प्रणालीमा अद्यावधिक भएको, तर भू-सूचना प्रणालीमा देखिएको विवरण र जग्गाधनी दर्ता सेस्तामा भएको विवरण फरक परी जग्गाधनी पहिचानमा समस्या देखिएमा जग्गाधनीले सम्बन्धित कार्यालयमामा गई डाटा अद्यावधिक गराउनु पर्नेछ। |

"स्वच्छ र सक्षम निजामती प्रशासन: समृद्धि र सुशासन"

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग

# मालपोत कार्यालय

बेलौरी, कञ्चनपुर

## भू-सेवा केन्द्र सञ्चालनको लागि चाहिने भौतिक पूर्वाधार:-

क. कम्प्यूटर,
ख. प्रिन्टर,
ग. ब्यकअप सिस्टम,
घ. स्क्यानगर,
ङ. भू-सूचना प्रणालीसँग कम्प्याटिबल हुने डिभाइसहरु बायोमेट्रिक (Finger Print Device), दस्तखत मसिन (Signature Device), वेब क्यामेरा (Web Camera - Minimum 1080p) र
च. Internet Connectivity कम्तिमा 2/2 Mbps को Dedicated Line भएको

## अनुमति पत्रको दस्तुर, अवधि तथा नवीकरण सम्बन्धी व्यवस्था:-

१. साधारण प्रयोगकर्ताले युजर एकाउण्ट खोल्नका लागि सम्बन्धित कार्यालयमा ५००/- रुपैयाँ दस्तुर बुझाउनु पर्नेछ र प्रत्येक १० वर्षमा नवीकरणका लागि १००/- रुपैयाँ दस्तुर बुझाउनु पर्नेछ।
२. साधारण प्रयोगकर्ताले युजर एकाउण्ट नविकरण नगरेको अवस्थामा अनलाईन प्रणालीमा त्यस्ता प्रयोगकर्ताको पहुँच स्वत: निस्कृय हुनेछ।
३. भू-सेवा केन्द्र सम्बन्धी अनुमति पत्र लिन देहाय बमोजिमको दस्तुर लाग्ने छ:-
   क. व्यक्तिको हकमा ३,०००/- (तीन हजार रुपैया)
   ख. संस्थाको हकमा ५,०००/- (पाँच हजार रुपैया)
   उक्त दस्तुर महालेखा नियन्त्रक कार्यालयको खाता नम्बर १०००२०००१००००, राजश्व शीर्षक नम्बर १४२२९, कार्यालयको कोड नम्बर ३३६०१७६०१, राष्ट्रिय वाणिज्य बैंक लि., बेलौरी शाखाको खातामा जम्मा गरी सोको भौचर पेश गर्नु पर्ने छ।
४. भू-सेवा केन्द्र सञ्चालनको अनुमति लिन चाहने व्यक्ति वा संस्थाले ४१८०१००१०२०३०००० (राष्ट्रिय वाणिज्य बैंक लि., महेन्द्रनगर) कोष तथा लेखा नियन्त्रक कार्यालय, कञ्चनपुरको धरौटी खातामा धरौटी वापत देहाय बमोजिमको नगद रकम जम्मा गर्नु पर्नेछ। बैंक ग्यारेण्टीको हकमा चालु आर्थिक वर्षको बाँकी रहेको अवधिमा एक महिना थप गरी कायम हुने कुल अवधिको देहाय बमोजिमको रकम बराबरको बैंक ग्यारेण्टी पेश गर्नु पर्नेछ।
   क. व्यक्तिको हकमा ५०,०००/- (पचास हजार रुपैया)
   ख. संस्थाको हकमा २,००,०००/- (दुई लाख रुपैया)
५. स्थानीय तहलाई भू-सेवा केन्द्रको अनुमति लिन र नवीकरण गर्न कुनै दस्तुर लाग्ने छैन।
६. भू-सेवा केन्द्र सञ्चालनको अनुमति पत्रको अवधि एक आर्थिक वर्षको हुने छ। तर पहिलो पटक सूचना प्रकाशित भएको हकमा असार मसान्तसम्म हुनेछ।

बैंक तथा वित्तीय संस्था, सहकारी, कर्मचारी सञ्चयकोष, नागरिक लगानीकोष जस्ता संस्थाहरुको धितोबन्धक / रोक्का र फुकुवा प्रयोजनका लागि मात्र आफ्नो प्रधान कार्यालय रहेको कार्यक्षेत्र भित्रको भूमिसुधार तथा मालपोत/मालपोत कार्यालयमा अनलाईन निवेदन पेश गरी अनुमति प्राप्त गर्नु पर्नेछ र प्रधान कार्यालयले यसरी अनुमति प्राप्त गरेपछि आवश्यकतानुसार वा आफ्ना शाखा कार्यालयहरुलाई युजर वितरण गर्न सक्नेछ।

यस सूचनामा उल्लेख नभएका अन्य कुराहरु भू-सेवा केन्द्र सञ्चालन निर्देशिका, २०७६ बमोजिम हुनेछ।

(सुनिल सागर जोशी)
मालपोत अधिकृत

"स्वच्छ र सक्षम निजामती प्रशासन: समृद्धि र सुशासन"

फोन:- 099-580176 इमेल:- BELAURI@DOLMA.GOV.NP वेबसाइट:- belauri.dolrm.gov.np फ्याक्स:- 099-580176